*"शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र वातावरण मैत्री पूर्वाधार*
*पर्यटन क्षेत्रको पहिचान त्रिवेणी नगरपालिकाको विकासको मूलधार"*

# आर्थिक वर्ष २०८१/०८२ को बजेट बक्तव्य


त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

*"शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र वातावरण मैत्री पूर्वाधार*
*पर्यटन क्षेत्रको पहिचान त्रिवेणी नगरपालिकाको विकासको मूलधार"*

## त्रिवेणी नगरपालिकाका उपप्रमुख श्री कमला कुमारी जैशी (न्यौपाने) ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वजेट बक्तव्य

**सम्मानीत नगरसभा अधिवेशनमा आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम पेश गर्दछु।**

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

१. नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ उपधारा ४ वमोजिम त्रिवेणी नगरपालिकाको नगर उपप्रमुखको हैसियतले यस गरिमामय सभामा आगामि आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु। आर्थिक तथा समावेशी विकास र सुशासन मार्फत नागरिकका विकास निर्माणका चाहनालाई प्राथमीकतामा राखी तयार गरिएको बार्षिक वजेट तथा कार्यक्रम यस सम्मानीत सभामा पेश गर्ने अनुमती चाहन्छु।

२. २००७ सालमा भएको प्रजातन्त्र प्राप्तिको लागी भएको आन्दोलनको उपलब्धि संगै वि सं २०४६ र २०६२/०६३ सालको ऐतिहासिक आन्दोलन सम्म आईपुग्दा आफ्नो ज्यानको प्रवाह नगरी नेपाली जनताको लागी साहदात प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिद प्रति हार्दिक श्रदाञ्जली अपर्पण गर्न चाहन्छु। साथै मिति २०७९ साल मंसिर ४ गते सम्पन्न भएको संघ तथा प्रदेशको निर्वाचनमा हाम्रो यसै नगरपालिकाको वडा नं ७ को नाटेश्वरी मतदान केन्द्रमा अकल्पनीय घटना हुन गई ज्यान गुमाएका हाम्रै त्रिवेणी नगरपालिका वडा नं ७ का युवा संजिव अयडी र चेतन अयडी प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु।

३. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, २०७२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति,

कानून तथा मापदण्डहरू, स्थानीय तहको बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालीन खर्च संरचना, स्रोत साधन, विकासका अन्तरसबन्धित विषयहरू र नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू र संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरूलाई आधारको रुपमा लिएकी छु ।

४. प्रस्तुत बजेट, संघियताको स्थापना पश्चता स्थानीय तहको दोस्रो नगरसभाको तेस्रो वजेट हो। यस अवसरमा समग्र नगरबासिको सन्तुलित विकासको चाहनालाई मध्यनजर गरी सवै टोल बस्तिहरुभित्रका महिला, दलित, सिमान्तकृत समुदाय, युवा, वालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, पछाडी पारिएको बर्ग लगायत सबै वर्ग र समुदायहरूको सुझावलाई बजेटमार्फत समेटने प्रयास गरेकी छु। साथै, वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय, समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ ।

५. अति न्यून रुपमा रहेको आन्तरिक श्रोत र पछिल्ला प्रत्येक आर्थिक बर्षहरुवाट संकुचनमा पर्दैआएको वित्तिय समानीकरणरण र राजश्वको अवस्थाले हरेक आर्थिक बर्षको अन्त्यमा भूक्तानीमा दायित्व सृजना हुन गएको यथार्थ अवस्थालाई नगरसभा सदस्यज्यूहरुमा अवगत गराउनु चाहन्छु साथै हाम्रा असिमित आवश्यकताका विचवाट सरकारको सिमित श्रोत र साधनले पुरा गर्न नसक्ने तर नगरवासीका अतिआवश्यकीय आधारभूत योजनाहरुलाई सम्वोधन गर्नुपर्ने सरकारको प्रमुख दायित्व समेत हुने भएकोले बजेटको प्रक्षेपणलाई बास्तविकताको अति नजिकमा पुर्याउन निकै कठीनाई भएको जानकारी गराउदछु।

६. बजेटमा दीगो भौतिक तथा सामाजिक पूर्वाधार विकासलाई पुरा गर्ने, आधारभूत स्वास्थ्य र शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने, नगरवासीको जिवनस्तरमा प्रत्यक्ष योगदान पुऱ्याउने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा

लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने, र वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने क्षेत्रलाई बिशेष प्राथमीकतामा राखी बजेटको तर्जुमा गरिएको व्यहोरा यस सम्मानित नगरसभा समक्ष अवगत गराउन चाहान्छु ।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

**अव म त्रिवेणी नगरपालिकाको आर्थिक अवस्था र चालू आर्थिक बर्षको बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहन्छु।**

---

७. चालू आर्थिक बर्षमा कूल खर्च रु ४५ करोड ७७ लाख २३ हजार अर्थात कूल विनियोजन भएकोमा कूल खर्च मध्ये चालू रु ३८ करोड २८ लाख १० हजार ८ सय अर्थात ८४% प्रतिशत र पुँजीगत खर्च रु. ९ करोड ४९ लाख १६ हजार अर्थात १६% प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।

८. चालू आर्थिक बर्ष २०८०/०८१ मा संघिय सरकारको राजश्व बाँडफाँडबाट रु ८ करोड ९७ लाख ५३ हजार ५ सय र समानिकरण अनुदान बाफत रु १० करोड ३९ लाख, समपुरक अनुदान रु ५० लाख र विशेष अनुदानबाट ७० लाख प्राप्त हुने संशोधित अनुमान रहेको छ। त्यसैगरी प्रदेश सरकारवाट राजश्व बाँडफाँड ५७ लाख ४९ हजार र समानीकरण अनुदान बाफत ८९ लाख १३ हजार समपुरक अनुदान बापत ५२ लाख, विशेष अनुदान ७५ लाख प्राप्त हुने संशोधित अनुमान रहेको छ। आन्तरिक स्रोततर्फ ५३ लाख परिचालन हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्ममा २६ लाख ३७ हजार ६ सय १५ असुली भई आ.ब. २०८०/०८१ को अन्त्यसम्ममा रु ३० लाख हुने अनुमान गरिएको छ।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

अव म बजेट प्रणालीमा देखापरेका मुख्य चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- नगरपालिकाको आन्तरिक राजश्व परिचालन अपेक्षित रुपमा हुन सकेको छैन। आन्तरिक राजश्व परिचालनलाई प्रभावकारी रुपमा लागू गर्न प्रणालीको विकास गर्न नसकिएको अवस्था विद्यमान छ।
- संघिय तथा प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ अनुसार, निकासामा कटौती हुदै आईरहेको अवस्थाका कारण पूर्व वजेट तथा कार्यक्रम अनुसार कार्यान्वयन चरणमा गईसकेका योजनाहरुको भूक्तानी नहुदा दायित्व सृजना हुन गएकोले नयाँ योजना तथा कार्यक्रमहरु सम्बोधन गरी जनआकांक्षा पुरा गर्न नसकिएको अवस्था छ।

**उक्त बजेट प्रणालीका चुनौतीहरुलाई सम्वोधन हुने गरी संस्थागत क्षमता विकास र दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर वजेट तथा कार्यक्रम तर्जुमा गरेकी छु।**

**आर्थिक बर्ष २०८१/०८२ को बजेटका मुख्य उद्देश्यहरु यसप्रकार छन:**

- नगरभित्रको स्थानीय यातायात पूर्वाधारहरुको स्तरोन्नती गरि दिगो आर्थिक विकास गर्ने।
- कृषि क्षेत्रको उत्पादन बृद्धिकालागी कृषकहरुलाई आवश्यक न्यूनतम सेवा र प्रविधिमा सहयोग गरी आन्तरिक उत्पादन वढाउने।
- शैक्षिक गुणस्तरवृद्धिको आधार स्तम्भकारुपमा विद्यालय पूर्वाधारको विकास अनिवार्य शर्तका रुपमा मानी पूर्वाधार निर्माणमा लगानी वृद्धि गर्ने।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार र दक्ष जनशक्ति परिचालन मार्फत आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने।
- सिप विकास कार्यक्रम मार्फत साना तथा घरेलु उद्योगहरुको प्रवर्द्धन गर्ने।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

**अव म आ.ब. २०८१/०८२ को बजेटका उद्देश्य पुरागर्नका लागी निर्धारण गरिएका प्राथमीकताहरुलाई प्रस्तुत गर्न चाहन्छु।**

- शैक्षिक क्षेत्रको जनशक्ति परिचालन र आवश्यकता अनुसार भौतिक पूर्वाधार निर्माण
- आधारभूत स्वास्थ्य, वाल तथा मातृस्वास्थ्यका लागी आवश्यक दक्ष स्वास्थ्यकर्मी, भौतिक पूर्वाधार र गुणस्तरिय सेवा संचालन
- कृषक्षेत्रमा न्यूनतम आधारभूत सेवा संचालन गर्न मल विउ तथा प्रविधिमा सहयोग,
- महिला उद्यमशिलता र सिप विकास कार्यक्रम
- पर्यटन विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा आधारभूत सेवा संचालन
- लक्षित वर्ग समुदायको सशक्तिकरण तथा मूलप्रवाहीकरण र सामाजिक रुपान्तरण
- संघ, प्रदेश तथा स्थानीय सरकारविचको सहकार्य र साझेदारीतामा सुदृढीकरण।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**
**अव म वजेटले लिएका उद्देश्य पुरागर्नका लागी केही सुधारका प्रस्तावहरु राख्न चाहन्छु।**

- टोल तथा बस्ति स्तरवाट प्राथमीकरण भई आएका योजनाहरुलाई योजना बैकमा सुचिकृत गरी कार्यान्वयन गरिदै लगिने व्यवस्था मिलाईनेछ।
- संघ र प्रदेशको साझेदारीमा संचालित नगर गौरव तथा नगरको रणनीतिक महत्वका योजनाहरुलाई कार्यान्वयन गर्नका लागी प्राथमीकतामा राखेकी छु।
- नगरका वहुसंख्यक जनताहरुले लाभ लिनसक्ने योजनाहरुमा लगानी गर्ने नीति यो बजेट मार्फत गरेकी छु।
- नगरपालिकालाई प्राप्त हुने स्रोतको आँकलन गरी बहुवर्षिय योजनाहरुको पुन:विचार गरिनेछ साथै भूक्तानी वाँकी हुन गई नगरको खर्च व्यभार सर्दैजाने व्यवस्थाको अन्यगर्न योजना कार्यान्वयनमा जोड दिईनेछ।

उल्लेखित नीतिगत र संरचनागत सुधारले वजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेकी छु।

**सभाअध्यक्ष ज्यू,**
**नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य क्षेत्र र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**<u>कृषि तथा पशुपंक्षि:</u>**

९. नगरपालिका भित्रका व्यवसायिक कृषहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागी मागमा आधारित मल, तरकारी विउ तथा औजार, उपकरण सहुलियत कार्यक्रम निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरेकी छु।

१०. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरेकी छु।

११. कृषि, पशुपंछि तथा मत्स्य तथ्यांक अध्यावधिक गर्न आवश्यक वजेट व्यवस्थापन गरिएको छ।

१२. हरित विद्यालय कार्यक्रम अन्तर्गत वडा नं ३ धौलपुरी मा वि मा संचालन गर्न वजेट व्यवस्थापन गरिएको छ।

१३. नगरपालिका भित्र दर्ता र नविकरण भएका कृषक समुहहरुलाई तरकारी मिनिकीट वितरण कार्यक्रमलाई निरन्तरता दिएकी छु।

१४. कृषि उद्यमशीलता विकास गरी कृषिलाई मूल्यश्रृङ्खलासंग आवद्ध गराउन नविनतम प्रविधिमा आधारित कृषि प्रदर्शन, प्राविधिक क्षमता अभिवृद्धि तालिम, जनप्रतिनिधि र प्राविधिकसंग कृषक अन्तरक्रिया, रेडीयो कृषि प्रसार कार्यक्रम संचालन गर्नका लागी आवश्यक वजेटको विनियोजन गरेकी छु।

१५. हावापानी र माटो सुहाउदो परम्परागत रुपमा उत्पादन हुदै आईरहेका रैथाने अदुवा, वेसार, वदाम, सूर्यमुखी र तोरी आदि जातका वालीहरुको संरक्षण गर्न विउ अनुदान सहयोग कार्यक्रम संचालन गरिनेछ।

१६. आलु पकेट क्षेत्रका किसानहरुलाई मागमा आधारित विज वृद्धि कार्यक्रमलाई निरन्तरता दिएकी छु।

१७. आकस्मिक वाली उपचार कार्यक्रम, रसायनिक मल ढुवानीमा अनुदान, कृषि उपज वजारीकरण प्रवर्द्धन तथा कृषि एम्बुलेन्स सेवा संचालनमा आवश्यक वजेटको व्यवस्था गरेकी छु।

१८. कृषि क्षेत्रको अति आधारभूत सेवा संचालनका लागि रु १० लाख विनियोजन गरेको छु।

१९. पशुपालन कृषकहरुलाई आवश्यक पशु स्वास्थ्य औषधि तथा सामग्री खरिदको कार्यक्रमलाई निरन्तरता दिएकी छु।

२०. बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम वडाको माग र सम्भाव्यताको अध्ययनको सिफारिसका आधारमा नमूना कार्यक्रम संचालन गरिने छ। यसका लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ।

२१. महामारी/ आकस्मीक रोग नियन्त्रण कार्यक्रम संचालन गर्नका लागी वजेट विनियोजन गरिएको छ।

२२. पशुसेवा तर्फ रु ८ लाख विनियोजन गरेको छ।

२३. कृषि तथा पशुपालन क्षेत्रमा संघ, प्रदेश तथा साझेदार संस्थाहरु साझेदारी कार्यक्रम संचालन गर्न बजेटमा आवश्यक व्यवस्था गरिएको छ।

**शिक्षा:**

२४. शैक्षिक गुणस्तर सुधारका लागी नभई नहुने आधारभूत संरचना मापदण्ड अनुसारको विद्यालय भवन, खेलमैदान, खानेपानी, शौचालय तथा अन्य फोहरमैला व्यवस्थापन गर्न सकिने पूर्वाधारहरुको निर्माण नै भएकोले नगरपालिका भित्र पक्की विद्यालय तथा खेलमैदानका संरचनाहरु वन्न नसकेका विद्यालयहरुमा संघ तथा प्रदेश सरकारको साझेदारीमा श्रोत परिचालन गरि निर्माण कार्यको थालनी गर्न आवश्यक साझेदारी वजेटको व्यवस्थापन गरेकी छु।

२५. बिद्यार्थिहरुको खेलकुद क्षेत्रमा निकै प्रभावकारी मानिएको **राष्ट्रपति/मेयरकप रनिङ्गसिल्ड** प्रतियोगीका लागी २० लाख रकम विनियोजन गरेकी छु।

२६. विगत देखी चालू आ.ब. सम्म निरन्तर रुपमा संचालन हुदै आएको नगर स्तरीय परिक्षा संचालन कार्यक्रमलाई आगामी आ.ब. २०८१/०८२ मा कार्यान्वयन गर्नका लागी आवश्यक बजेटमा निरन्तरता दिईएको छ।

२७. विद्यालयको आवश्यक तालिम, गोष्ठी तथा शैक्षिक सामग्रीहरु सहित शैक्षिक गतिविधिहरु संचालनका लागी रु २० लाख विनियोजन गरेकी छु।

२८. नगरपालिका भित्र संचालन भएका सामुदायिक विद्यालयहरुको संख्याको आधारमा शिक्षक जनशक्ति निकै न्यूनरहेको अवस्थालाई सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु। तसर्थ, शिक्षक दरबन्दि अभावका कारण विद्यालयमा पठनपाठन निकै कमजोर भएको निष्कर्ष सहित नगर शिक्षकको अवधारणा ल्याई विगत र चालू आ.ब. देखी नै नगरपालिकाको श्रोतवाट ब्यहोर्ने गरी शिक्षक अनुदान रकम विनियोजन हुदै आएकोमा आगामी आ.ब. २०८१/०८२ मा पनि शिक्षण सहयोग अनुदान, बाल विकास शिक्षक र कर्मचारी व्यवस्थापनका लागी रु १ करोड ८० लाख बिनियोजन गरेकी छु।

२९. विभिन्न शैक्षिक संस्थाहरुमा गरिन आर्थिक सहयोगलाई यस बजेट मार्फत पनि निरन्तरता दिईएको छ।

३०. **बिद्यार्थिहरुसंग मेयर भेटघाट** कार्यक्रम अन्तरगतका कार्यक्रम संचालन गर्न बजेट ब्यवस्थापन गरेकी छु।

३१. नगर भित्रका सवै सामुदायिक विद्यालयहरुमा किशोर किशोरीहरुलाई लक्षित गरी मनोपरामर्श सेवा संचालन गर्न मनोपरामर्शकर्ता र जनचेतनामूलक कार्यक्रमका लागी आवश्यक वजेटको व्यवस्थापन गरेकी छु।

३२. विपन्न लक्षित छात्रबृत्ति, दिवा खाजा संचालन, शिक्षण सहयोग अनुदान, निःशुल्क पाठ्यपुस्तक, सिकाई सामग्री अनुदान लगायतका कार्यक्रम निरन्तर्ताको लागि बजेट व्यवस्थापन गरेकी छु।

३३. विपन्न, असहाय, अविभावक विहिन वालवालिकाहरुको शिक्षामा पहुँच अनिवार्य गर्नका लागी आवासीय विद्यालय संचालन गर्न बजेटमा ब्यवस्था गरिएको छ।

३४. संघ, प्रदेश तथा अन्य दातृ निकायहरुसंग गरिने आयोजना संचालनका लागी बजेटमा पर्याप्त व्यवस्था गरिएको छ।

३५. आधारभूत तहका विद्यार्थिहरुको प्रतियोगिता कार्यक्रम संचालनग गर्न उपमेयर शैक्षिक कार्यक्रम अन्तर्गत बजेटको ब्यवस्था गरिएको छ।

**स्वास्थ्य तथा पोषण:**

३६. नगरपालिका भित्रका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रको भौतिक संरचनाको अवस्थालाई सुधार गरी गुणस्तरिय सेवा प्रवाह विस्तार गर्नका लागी नगरपालिको स्रोतवाट आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै संघ र प्रदेश सरकारको साझेदारिमा संचालन हुने स्वास्थ्य क्षेत्रका योजना तथा कार्यक्रमका लागी आवश्यक साझेदारी रकम विनियोजन गरेकी छु।

३७. नेपाल सरकारवाट नि:शुल्क प्राप्त हुदै आएको औषधि उपचार सेवा वाहेक स्वास्थ्य संस्थाहरुमा औषधि तथा स्वास्थ्य उपकरणहरुको अभावका कारण जनताले दु:ख भोग्नु नपरोस भन्ने मनसायले विगत बर्षहरुमा दिईदै आएको नि:शुल्क औषधि कार्यक्रमका लागी औषधि तथा उपकरण खरिदमा रु १० लाख विनियोजन गरेकी छु।

३८. गर्भवती तथा सुत्केरी आमाहरुको अवस्थामा जटिलता भई आकस्मीक प्रेषण व्यवस्थापन गर्नका लागी रु १ लाख विनियोजन गरेकी छु।

३९. पूर्ण संस्थागत सुत्केरी स्थानीय तह घोषणा तयारीको मापदण्ड अनुसार नगरका सवै वडा र स्वास्थ्य संस्थाहरुमा कार्यक्रम संचालन गर्नका लागी रु १ लाख विनियोजन गरेकी छु।

४०. प्रत्येक वडा र टोल स्तरमा महिला स्वास्थ्य स्वयंसेवीकाहरुले गरेको कामको उच्च सम्मान गर्दै विगत देखी स्थानीय स्तरवाट दिईदै आएको पारिश्रमीकलाई निरन्तरता दिनका लागी रु १ लाख ६२ हजार विनियोजन गरेकी छु।

४१. पोषणमैत्री नमूना नगर घोषणा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न संघिय सरकारको विशेष अनुदानमा कार्यक्रम संचालन गरिनेछ।

४२. वाल पोषण सचेतना कार्यक्रम, स्वास्थ्य क्षेत्रका अन्य तालिम तथा गोष्ठी संचालन गर्न १ लाख ३८ हजार विनियोजन गरेकी छु।

४३. स्वास्थ्य संस्थाको गुणस्तरवृद्धिका लागी आवश्यक जनशक्ति विकासका तालिम तथा अति आवश्यक  कार्यक्रमका संचालन गर्न वजेटको व्यवस्था गरेकी छु।

४४. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको मर्मत तथा फिनिसिंङका लागी रु ७ लाख विनियोजन गरेकी छु।

## स्थानीय पूर्वाधार

४५. नगर सरकारको आफ्नै आन्तरिक लगानीवाट सम्भव नभएका ठूला गौरवका आयोजनाहरुलाई संचालनार्थ संघ तथा प्रदेश सरकारमा प्रस्ताव लैजानका लागी पूर्व सम्भाव्यता अध्ययन सहितको बिस्तृत परियोजना रिपोट तयार गर्नुपर्ने भएकोले उक्त विस्तृत परियोजना प्रतिवेदनका लागी आवश्यक रकम विनियोजन गरेकी छु।

४६. त्रिवेणी नगरपालिकाको एकमात्र वडा किम्नी वडा नं ५ हालसम्म सडक संजालले नजोडीएकोले आ.ब.२०८१/०८२ भित्र सडक पुर्याउनका लागी संघ तथा प्रदेश सरकार संग थप श्रोत परिचालन गरी नगरपालिकावाट आवश्यक रकमको व्यवस्था मिलाएकी छु।

४७. हालसम्म वडा कार्यालको भवन नभई वडास्तरवाट संचालन गरिने सेवा समेत प्रभावकारी वन्न नसकेको अवस्थामा आ.ब. २०८१/०८२ मा नै निर्माण प्रक्रिया थालनीहुने गरी वडा नं २, ६, ७ र ९ नं वडा कार्यालयको लागी रु ८२ लाख २० हजार विनियोजन गरेकी छु।

४८. क्रमागत रुपमा हाल निर्माणाधिन वडा नं १ को वडा कार्यालय भवन सम्पन्नका लागी रु  ५ लाख विनियोजन गरेकी छु।

४९. त्रिभुवनेश्वरी मा वि वडा नं २ भवन क्रमागत रु १४ लाख विनियोजन गरेकी छु।

५०. संघिय, प्रदेश तथा स्थानीय सरकारको संयुक्त लगानीमा आ.ब. २०८०/०८१ मा संचालन हुने समपुरक अनुदान तर्फका आयोजना बाघथला- कैलाशमाण्डौं पन्धारा गडीगाँउ सडक क्रमागत आयोजनाको स्तरोन्नतीका लागी साझेदारी रु ५४ लाख विनियोजन गरेकी छु।

५१. वुढीगंगा र मालागडा नदिमा मोटरेवल पक्कि पुलको संरचना पूरा नहुदासम्म साँफेवगर – मार्तडी प्रादेशीक सडकसंग नगरपालिकाले जोडीन बर्षेनी अस्थायी यातायात पुल निर्माण गर्नुपर्ने बाध्यता रहेको छ। उक्त अवस्थालाई मध्यनजर गरी मौरे – वुढीगंगा, बल्दे – रिङतोला र मालागाड अस्थायी पुलको संरचना निर्माणका लागी आवश्यक वजेटको व्यवस्था गरेकी छु।

५२. नगरपालिकाको प्रशासनीक भवनको ठेक्का सम्झौता अनुसार, निर्माण कार्य सम्पन्न भई अन्तिम भूक्तानी दिनुपर्ने भएकोले आ.ब. २०८१/०८२ मा भूक्तानी हुने गरी रु १ करोड २५ लाख बजेट व्यवस्थापन गरेकी छु।

५३. नगरपालिका भित्रका वडा तथा वस्तिस्तरसम्म जोडने स्थानीय सडक योजनाहरुको मर्मत तथा विस्तारका लागी आवश्यक बजेटको व्यवस्था गरेकी छु।

५४. सडकबोर्ड मार्फत गत विगत बर्षहरुमा संचालन हुदै आएका नगरपालिका भित्रका आयोजनाहरु संचालन गर्नका लागी साझेदारी रकम रु ९ लाख विनियोजन गरेकी छु।

५५. मौरे जिरोप्वाईन्ट कालोपत्रे सडकको ठेक्का सम्झौता अनुसार, काम सम्पन्न पश्चात भूक्तानी गर्नुपर्ने आवश्यक रकम व्यवस्था गरिएको छ।

५६. सडक सरसफाई, सडक गुरुयोजना पुन: निर्माण, र सडक मर्मत समूह (RMG) पारिश्रमिक लगायत सडक पूर्वाधारहरुको नियमीत कार्यहरु संचालन गर्नका लागी आवश्यक वजेटको व्यवस्था गरेकी छु।

५७. संघीय सरकारवाट स्वीकृत नगरपालिका भित्रका स्थानीय पूर्वाधारहरुको निर्माण कार्य संचालनका लागी आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

५८. वडास्तरवाट प्राथमीकता अनुसार माग भई आएका साना सामुदायिक पूर्वाधारका योजनाहरु संचालनका लागी रु ८० लाख बजेटको व्यवस्था गरेकी छु।

५९. नगरपालिका भित्र संचालित योजना तथा कार्यक्रमको साझेदारीका लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

६०. पार्वती मा.वि. सिम्लाको ४ कोठे भवनको निर्माण कार्य नगरपालिका संग भएको सम्झौता अनुसार, कार्यान्वयन प्रक्रियामा गईसकेकोले आयोजना सम्पन्न पश्चात लागत ईष्टिमेटका आधारमा सम्झौता वमोजिम भूक्तानीको व्यवस्था हुने गरी तत्काल कार्यान्वयन चरणलाई तिब्रता दिन रु २२ लाख विनियोजन गरेकी छु।

६१. काम समपन्न भई भूक्तानी बाँकी आयोजनाहरुका लागी बजेटमा ब्यवस्था गरिएको छ।

६२. काम सम्पन्न भई भूक्तानी बाँकी रहेका आयोजनाहरुका लागी तिर्नु पर्ने दायित्व अन्तर्गत राखी रु २ करोड १८ लाख ५८ हजार ८ सय विनियोजन गरेकी छ।

६३. गत विगत आर्थिक बर्षमा भूक्तानी बाँकी रहेका नगरपालिकावाट अनिवार्य तिर्नुपर्ने दायित्व अन्तरगत रहेका सडक तथा सामुदायिक पूर्वाधारका लागी रु ९ लाख विनियोजन गरेकी छु।

६४. योजनाहरुको गुणस्तरका लागी उपभोक्ता समुहको अभिमुखीकरण, कर्मचारी क्षमता विकास र तालिमका लाग २ लाख ५० हजार विनियोजन गरेकी छु।

६५. नगरभित्रका दिर्घकालीन महत्वराख्ने स्थानीय पूर्वाधारका आयोजनाहरुको दिगो व्यवस्थापन गर्न मर्मत संभार योजना सहित बजेटको व्यवस्था गरिएको छ।

**सम्मानीत सभाका सभाध्यक्ष,**
**सभा सदस्यज्यूहरु,**

## उद्योग, सहकारी तथा रोजगार:

६६. युवा उद्यमी महिलाहरुलाई ब्यवसायिक तथा सिपमूलक कार्यक्रम मार्फत घरेलु तथा साना उद्योगहरु संचालन गर्नका लागी "**उपमेयर महिला आयआर्जन कार्यक्रम** "संचालनका लागी आवश्यक बजेटको ब्यवस्था गरेकी छु।

६७. नगरपालिका भित्र संचालन गरिने उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गरी संघिय सशर्त अनुदानवाट संचालन हुदै

आएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा साझेदारी गर्न आवश्यक बजेटको ब्यवस्था गरेकी छु।

६८. स्थानीय स्तरमा नै रोजगारी सृजना गर्नका लागी संघिय सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत सशर्त अनुदान वाट संचालन हुदै आएको प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना अन्तर्गतका सामुदायिक आयोजनाहरुमा साझेदारीका लागी आवश्यक आवश्यक बजेटको ब्यवस्था गरेकी छु।

६९. आन्तरिक रोजगारी प्रवर्द्धन **युवा उद्यमी मेयर रोजगार कार्यक्रम** संचालन गर्न वजेटमा व्यवस्थापन गरिएको छ।

७०. श्रम सूचना बैकको स्थापना गरी रोजगार सेवालाई प्रभावकारी वनाउन सेवा प्रदायक अन्तरक्रिया, रोजगारी अभिमुखीकरण, बैदेशीक रोजगारीमा जाने व्यक्तिहरुका लागी वित्तिय साक्षरता र सिप कार्यक्रमका लागी रु ४ लाख विनियोजन गरेकी छु।

७१. नगर भित्र संचालनमा रहेका सहकारीहरुको नियमन गर्ने दायित्व स्थानीय सरकारको भएकोले सहकारी तथा बित्तिय क्षेत्रको नियमनका लागी आवश्यक बजेटको व्यवस्था गरेकी छु।

## सिचाई, खानेपानी तथा सरसफाई

७२. स्वच्छ र शुद्ध खानेपानीको पहुँचलाई नगरवासीको घर घरमा पुर्याउन एक घर एक धारा कार्यक्रम प्रभावकारी देखीएता पनि स्थानीय सरकारको आफ्नै श्रोतले सम्भव नहुने भएकाले संघिय तथा प्रदेश सरकारको साझेदारीमा उक्त कार्यक्रम लागू गर्नका लागी आवश्यक साझेदारी रकमको व्यवस्था गरेकी छु।

७३. यूनिसेफ वास कार्यक्रम साझेदारी योजना संचालन गर्न रु ९ लाख विनियोजन गरेकी छु।

७४. लिफ्ट सिचाई आयोजनाको साझेदारीका लागी रु ६ लाख ६० हजार विनियोजन गरेकी छु।

७५. टोल वस्तिवाट छनौट भई आएका साना सिचाई आयोजनाहरुको निर्माण तथा मर्मत सुधार गर्न बजेटमा व्यवस्था गरिएको छ।

## महिला, बालवालिका तथा सामाजिक समवेशीकरण

७६. नगरभित्रको पछाडी पारिएको वर्ग, समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउने लक्ष्य सहित समानुपातिक समावेशी विकासको अवधारणालाई केन्द्रमा राखेर विशेष कार्यक्रमहरु संचालन गर्न आवश्यक वजेटको ब्यवस्था गरेकी छु।

७७. गत, विगत र चालू आ.ब. मा संचालन हुदै आईरहेका दिवस तथा कार्यक्रमलाई निरन्तरता दिदै बाल दिवस कार्यक्रमका, अन्तराष्ट्रिय बाल दिवस, नगर स्तरिय वाल संजाल कार्यक्रम संचालन गर्न रु ३ लाख विनियोजन गरेकी छु।

७८. जोखिममा परेका महिला तथा बालवालिकाका लागी आपतकालिन कोष संचालन रु ४ लाख विनियोजन गरेकी छु।

७९. नगरस्तरिय दलित नेटवर्कको व्यवस्थापन वापत रु १ लाख ४१ हजार विनियोजन गरेकी छु।

८०. महिला, वालवालिकाको संरक्षण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रीय संघ संस्थाहरुसंग साझेदारी गर्न आवश्यक वजेट व्यवस्थापन गरेकी छु।

## वातावरण, उर्जा तथा विपद् व्यवस्थापन

८१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई आवश्यकता अनुसार परिमार्जन गर्न र विपद जोखिम न्यूनीकरणका योजनाहरुको कार्यान्वयनका लागी संघ र प्रदेश सरकारवाट संचालित योजनाहरुका लागी आवश्यक साझेदारी वजेटको व्यवस्था गरिएको छ।

८२. युनिसेफ ईको जोन कार्यक्रम साझेदारीका लागी रु २ लाख विनियोजन गरेकी छु।

८३. बिपद जोखिम न्यूनीकरण, विपद्को पूर्वतयारी, व्यवस्थापन र राहत तथा उद्दारका लागी विपद राहत सामग्रीका लागी अत्यावस्यक कार्य गर्न बिपत्त कोष रु ६ लाख ६१ हजार विनियोजन गरेकी छु।

८४. मनसुनजन्य विपदवाट क्षतिग्रस्त निजी आवास पुन:निर्माणका लागी आवश्यक साझेदारी रकमको व्यवस्था गरेकी छु।

**सभाध्यक्ष ज्यू,**

**नगरसभा सदस्यज्यू**

**राजश्व परिचालन, सुशासन, संस्थागत विकास, तथा सेवा प्रवाह**

८५. नगरपालिकावाट संचालन हुने सवै प्रकारका सेवाहरुलाई प्रविधिमैत्री वनाउन ईन्टरनेटको माध्याम विना सम्भव नहुने भएकाले कम खर्चिलो तथा सेवा गुणस्तरिय फाईवर नेट जडान आ.ब. २०८१/०८२ भित्र गर्नका लागी रु ७ लाख, ८० हजार र हाल संचालनमा आएको ईन्टरनेट सेवा मर्मतका लागी रु ५ लाख विनियोजन गरेकी छु।

८६. नगरपालिकावाट संचालन गरिने हरेक सेवाहरु सेवाग्राही प्रति सेवा प्रदायक संस्था तथा कर्मचारीहरुलाई जिम्मेवार, उत्तरदायी तथा क्षमतावान वनाई गुणस्तरिय एवं छिटो छरितो सेवा प्रवाह गर्न साथै स्थानीय स्तरमा राजश्व संकलन लाई प्रभावकारी रुपमा लागू गर्नका लागी तालिम संचालन गर्न रु १ लाख, पचासहजार, पञ्जिकरण सफ्टवेय तालिम तथा अभिमुखीकरणमा रु ३ लाख ५० हजार, लेखा व्यवस्थापन तालिमका लागी रु १ लाख ५० हजार बिनियोजन गरेकी छु।

८७. त्रिवेणी विकास वहस कार्यक्रम संचालन गर्न बजेटमा आवश्यक व्यवस्था गरिएको छ।

८८. त्रिवेणी नगरपालिका भित्रका रेडक्रक सोसाईटी उपशाखा, रेडीयो वडीमालिका एफ,एम तथा स्थानीय सूचना तथा संचार संस्थाहरुको क्षमता विकास र कार्यक्रमका लागी बजेटमा आवश्यक व्यवस्था गरिएको छ।

८९. नगरपालिकाको क्षेत्रगत रणनीती तयारी, विज्ञ परामर्श सेवा तथा नगरपालिकाको संस्थागत क्षमता विकास कार्यका लागी आवश्यक वजेट विनियोजन गरेकी छु।

९०. सूचना व्यवस्थापनका लागी रु १ लाख ५० हजार विनियोजन गरेकी छु।

**न्याय व्यवस्थापन**

९१. न्यायीक समिति तथा मेलमिला केन्द्रका कामहरुलाई प्रभावकारी, छिटो तथा चुस्त दुरुस्त वनाउनका लागी क्षमता विकास अन्तर्गत रु १ लाख विनियोजन गरेकी छु।

**भूमी व्यवस्था**

९२. नापी शाखा प्राविधिक तालिम तथा क्षमता विकासका लागी रु ५० हजार विनियोजन गरेकी छु।

**पर्यटन विकास:**

९३. वडीमालिका – नाट्येश्वरी पर्यटकीय पथमार्ग निर्माण गर्नका लागी संघ तथा प्रदेश सरकारको सहयोगमा आवश्यक समन्वय गरी आयोजना संचालन गर्न बजेटको व्यवस्था गरिएको छ।

९४. पञ्चपुरी वडीमालिका पर्यटकी पूर्वाधार आयोजना संचालन गर्न पर्यटन मन्त्रालयसंग समन्वय गरी आयोजना कार्यान्वयनका लागी आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

**अन्य निर्माण तथा सेवा क्षेत्र:**

९५. नगरपालिकाको आवश्यक पूर्वाधार निर्माणमा साझेदारीका लागी प्रस्ताव सहित समन्वयमा आएका निकाय/संघ संस्थाहरुको लागी साझेदारी गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

९६. सेवालाई प्रभावकारी तथा जनमुखी वनाउन सार्वजनीक सुनुवाई, सार्वजनीक लेखापरिक्षण, तथा योजना तर्जुमाका कार्यक्रमलाई निरन्तरता दिन बजेटमा ब्यवस्था गरिएको छ।

**चालू तर्फ:**

९७. नगरपालिकाको कार्यालय संचालन तथा प्रशासनीक खर्च (पदाधिकारी सेवा सुविधा, कर्मचारी तलव सहित र विविध खर्च) सहित १० करोड ५१ लाख ९० बिनियोजन गरेकी छु।

९८. संघिय सशर्तवाट संचालित कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको आवश्यकसेवा सुविधाका लागी चालू खर्च शिर्षकवाट साझेदारी व्यवस्थापन गरेकी छु।

**नगरसभाका अध्यक्षज्यू,**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अव म आगामी आ.ब. २०८१/०८२ का लागी आय र ब्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यस नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ का लागी कूल आय ४७ करोड ३३ लाख ३ हजार हुने अनुमान गरिएको छ भने कूल खर्च मध्धे चालू तर्फ रु ११ करोड ३४ लाख ९० हजार रहेको छ भने पूँजीगत तर्फ ३७ करोड ९८ लाख १३ हजार रहेको छ। कूल आय तथा व्ययको क्षेत्रगत विवरण निम्नानुसार रहेको छ:

<u>आयतर्फ:</u>
**आन्तरिक आय: रु ५५ लाख**
**राजश्व बाँडफाँड: १० करोड ७ लाख ५१ हजार।**
**अन्तरसरकारी वित्तिय हस्तान्तरण (संघिय सरकार): ३२ करोड ८२ लाख १९ हजार**
**अन्तरसरकारी वित्तिय हस्तान्तरण (प्रदेश): ३ करोड ६० लाख ३३ हजार**
**सरी आयको (अल्या अनुमानित) मौज्दात: २८ लाख**
**कूल जम्मा आय: ४७ करोड ३३ लाख ०३ हजार**

<u>ब्यय तर्फ:</u>
**चालू खर्च तर्फ: ११ करोड ३४ लाख ९० हजार**
**पूजीगत (चालू समेत) तर्फ: ३५ करोड ९८ लाख १३ हजार**

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**
माथि उल्लेखीत अनुमानीत आय र ब्ययको बजेट रकम वरावर हुने गरी विनियोजन गरेको छु। आगामी आर्थिक बर्ष (२०८१/०८२) बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त

अनुसार श्रोतलाई अधिकतम परिचालन हुने गरी वजेट तर्जुमा भएको ब्यहोरा सम्मानीत नगरसभालाई जानकारी गराएकी छु।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

अव म सम्मानीत नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको त्रिवेणी नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को अनुमानित आय र व्ययको विवरण सम्मानीत नगरसभामा छलफल भई पारित हुनका लागी प्रस्ताव गर्दछु। साथै यस नगरपालिकाको लागी कार्यान्वयन हुन पेश भएका उल्लेखीत दुवै विधेयकहरु (आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१) छलफल गरी पारित गरी आगामी बर्षका लागी ऐनको रुपमा कार्यान्वयन गर्न दुवै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेकी छु।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

उल्लेखीत बजेट तथा कार्यक्रममा सामान्य भाषिक तथा अंकगणीतिय त्रुटीहरु हुनसक्छन। यसको लागी सम्मानीत नगरसभा समक्ष मानवीय कमजोरीका रुपमा स्विकार्दै यदि त्यसो हुन गएमा सच्याउनका लागी नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमती मागेको छु। साथै आगामी आ.ब. २०८१/०८२ योजना तथा वजेट स्वीकृतिको लागी सम्मानीत सभा समक्ष पेश गरेकी छु।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

हामी नगरपालिकाबासीका आकांक्षाहरु असिमित छन्। सिमित स्रोतका बीचबाट नागरिकका असिमित आवश्यकता पुरा गर्ने विषय निश्चय नै चुनौतीपुर्ण विषय हो । तथापि नगरपालिकाबासी आम जनसमुदाय, राजनैतिक दलको रचनात्मक सहयोग र सद्भाव भएमा पनि चुनौतिका वीचमा अवसरका अनेकन संभावना छन् भन्ने कुरामा नगरपालिका विश्वस्त छ ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने नगरपालिकाका प्रमुख, वडा अध्यक्षज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी, पत्रकार, बुद्धिजिवीहरू, नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको टिम प्रति विशेष धन्यवाद दिन चाहन्छु। ***"शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र वातावरण मैत्री पूर्वाधारपर्यटन क्षेत्रको पहिचान त्रिवेणी नगरपालिकाको विकासको मूलधार"*** भन्ने यस नगरपालिकाको नारालाई सार्थक बनाउन सवै नगरपालिकाबासीको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

**बडिमालिका माताले हामी सवैको रक्षा गरुन! धन्यवाद !!**

**कमला कुमारी जैशी (न्यौपाने)**
**नगर उपप्रमुख**